# संघीय संसद

# राष्ट्रिय सभा

## सोह्रौं अधिवेशन

**बैठक - ५**

**२०८१ जेठ ६ गते आइतबार**

**अपराह्न १:१५ बजे**

**सम्भावित दैनिक कार्यसूची**

### राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्र

१. सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति तथा कार्यभार सम्बन्धी पत्रको ब्यहोरा जानकारी गराउनुहुने।

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्र

२. सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् सदस्यहरूको कार्यभार तोकिएको सम्बन्धी पत्रहरूको ब्यहोरा जानकारी गराउनुहुने।

### समितिमा सदस्यको मनोनयन

३. सम्माननीय अध्यक्षले विषयगत समितिमा माननीय सदस्यको नाम मनोनयन गर्नुहुने।

### राष्ट्रपतिबाट भएको सम्बोधनको प्रति टेबुल

४. सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले सम्वत् २०८१ साल जेठ १ गते सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई भएको सम्बोधनको प्रति टेबुल गर्नुहुने।

### धन्यवादको प्रस्ताव

५. सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि धन्यवादको प्रस्ताव प्रस्तुत गर्नुहुने।

### अध्यादेश पेस

६. माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरीले **"लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१"** सभा समक्ष पेस गर्नुहुने।

### व्यवस्थापन कार्य

७. माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले **“मिडिया काउन्सिल विधेयक, २०८०”** सभा समक्ष पेस गर्नुहुने।

८. विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईले **“सुरक्षित कारोबार (पहिलो संशोधन), २०८०”** सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभा समक्ष पेस गर्नुहुने।

पद्म प्रसाद पाण्डेय

महासचिव